काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : ३०० ❐ मंगलवार, २६ साउन, २०८३ ❐ Tuesday, 11 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

झुप्रा खोलाको ढुंगा–गिट्टीमा पालिकाबीच ‘राजस्वको झगडा’ नौ वर्षदेखि अल्झियो हिस्सा

कतिपय स्थानीय तहले भने साझा खोलाको उपयोगमा आलोपालो प्रणाली अपनाएर विवाद समाधान गरेका छन्। स्पष्ट कानुनी व्यवस्था अभावमा यस्ता समस्या दोहोरिँदै आएकाले साझा प्राकृतिक स्रोतको उपयोग र राजस्व बाँडफाँडका लागि निश्चित मापदण्ड तथा लिखित सम्झौता आवश्यक देखिएको छ।

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २५ साउन

सुर्खेतको झुप्रा खोलाले वीरेन्द्रनगर र लेकवेशी नगरपालिकाको सीमा मात्र छुट्याएको छैन, प्राकृतिक स्रोतबाट प्राप्त हुने आम्दानी कसले उठाउने र कति बाँड्ने भन्ने विवादसमेत जन्माएको छ। साझा सिमानामा पर्ने खोलाबाट वीरेन्द्रनगर नगरपालिकाले वर्षौंदेखि एकलौटी रूपमा राजस्व उठाउँदै आए पनि लेकवेशी नगरपालिका भने आफ्नो हिस्साको खोजीमा छ। आर्थिक वर्ष २०७४/७५ देखि झुप्रा खोलाबाट वीरेन्द्रनगरले ठेक्का लगाएर नदीजन्य पदार्थको राजस्व उठाउँदै आएको छ। लेकवेशीका अनुसार दुई पालिकाबीच राजस्वको ३५ प्रतिशत हिस्सा दिने मौखिक समझदारी भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। लिखित सम्झौता नहुँदा लेकवेशीले वर्षौंदेखि आफ्नो हिस्सा पाउन सकेको छैन।

लेकवेशी नगरपालिकाका प्रमुख उमेशकुमार पौडेलका अनुसार ठेक्का प्रक्रियामा लागेको खर्च र प्रदेश सरकारलाई बुझाउनुपर्ने रकम कटाएर बाँकी राजस्वको ३५ प्रतिशत दिने सहमति भएको थियो। उनका अनुसार ३० प्रतिशत मात्रै हिस्सा पाएको भए पनि हालसम्म एक करोड रुपैयाँभन्दा बढी रकम प्राप्त हुने थियो। तर आर्थिक वर्ष २०८२/८३ मा मात्रै वीरेन्द्रनगरले झुप्रा खोलाबाट ९९ बाँकी पृष्ठ २



मौखिक सहमति, तर व्यवहारमा शून्य

दुई पालिकाबीच भएको भनिएको मौखिक समझदारी नै अहिले विवादको मुख्य गाँठो बनेको छ। वीरेन्द्रनगरले ठेक्का लगाउने, स्रोत उपयोग गर्ने र राजस्व संकलन गर्ने तर अर्को पालिकाले हिस्सा पाउने विषय लिखित रूपमा संस्थागत हुन नसक्दा सहमति व्यवहारमा लागू हुन सकेको छैन। वीरेन्द्रनगर नगरपालिका प्रमुख मोहनमाया ढकालले भने राजस्व बाँडफाँड स्पष्ट कानुन र प्रचलित व्यवस्थाअनुसार हुनुपर्ने बताउँछिन्। उनका अनुसार नगरपालिकाले केही वर्षअघि लेकवेशीलाई झुप्रा खोलामा आफैँ उत्खनन गर्न पत्राचार गरे पनि तत्काल उत्खनन गर्न नसक्ने जवाफ आएको थियो। उनले लेकवेशीले उठाएको राजस्वको विषय सम्बोधन गर्न सकिने तर त्यसका लागि प्रचलित कानुनी व्यवस्था पालना गर्नुपर्ने बताएकी छन्।

गिरीघाटमा पनि उस्तै विवाद

झुप्रा खोलाको विवाद सुर्खेतमा पहिलो होइन। वीरेन्द्रनगर र बराहताल गाउँपालिकाको सिमानामा पर्ने गिरीघाट खोलामा पनि वर्षौंसम्म यस्तै अवस्था रह्यो। खोलाबाट नदीजन्य पदार्थको ठेक्का वीरेन्द्रनगरले लगाउँदै आए पनि बराहतालले आफ्नो हिस्सा नपाएको गुनासो गर्दै आएको थियो। आर्थिक वर्ष २०८१/८२ देखि भने गिरीघाटमा ठेक्का लगाउने जिम्मेवारी बराहतालले पाएको छ।

वीरेन्द्रनगरले लामो समय स्रोत उपयोग गरेकाले अब केही समय बराहताललाई उपयोग गर्न दिने मौखिक समझदारी भएको जनाइएको छ। तर यहाँ पनि लिखित सम्झौता भने भएको छैन। वीरेन्द्रनगरले आर्थिक वर्ष २०८१/८२ मा झुप्रा, भेरी र गिरीघाट खोलाबाट कुल १ करोड ९९ लाख ६६ हजार ७८५ रुपैयाँ राजस्व उठाएको थियो। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा झुप्रा र गिरीघाट खोलाबाट ४७ लाख ७० हजार रुपैयाँ राजस्व संकलन भएको थियो।

कानुनले बाटो देखायो, बाँडफाँडको सूत्र दिएन

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दुई वा त्यसभन्दा बढी स्थानीय तहको सीमामा पर्ने खोलाको प्राकृतिक स्रोतबाट प्राप्त आम्दानी बाँडफाँड गर्ने स्पष्ट सूत्र दिएको छैन।

ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ ले भने दुई वा बढी पालिकाको क्षेत्रमा पर्ने नदीजन्य पदार्थको संकलन तथा उत्खननका लागि संयुक्त समिति बनाएर काम गर्न सकिने व्यवस्था गरेको छ।

तर कुन पालिकाले ठेक्का लगाउने कति प्रतिशत हिस्सा पाउने वा आलोपालो प्रणाली कसरी लागू गर्ने भन्ने विषयमा स्पष्ट व्यवस्था नहुँदा समस्या देखिएको हो।

यसको परिणाम साझा स्रोत उपयोगमा स्थानीय तहबीच असमझदारीका रूपमा देखिएको छ।

कतै एउटा पालिकाले राजस्व उठाउने र अर्कोले हिस्सा माग्ने अवस्था छ भने कतै आपसी समझदारीमै आलोपालो प्रणाली अपनाइएको छ।

कतै आलोपालो, कतै किनारा छुट्याएर ठेक्का

सुर्खेतकै लेकवेशी र गुर्भाकोट नगरपालिकाबीचको साझा खोलामा भने एक वर्ष एउटा र अर्को वर्ष अर्को पालिकाले ठेक्का लगाउने व्यवस्था छ। भेरीगंगा र गुर्भाकोटले गोचे खोलामा पनि यही अभ्यास गर्दै आएका छन्। दैलेखको महाबु र भैरवी गाउँपालिकाले छामघाट खोलामा आर्थिक वर्ष २०७४/७५ देखि आलोपालो प्रणाली लागू गरेका छन्। दुवै गाउँसभाबाट निर्णय गराएर कार्यान्वयन गरिएकाले अहिलेसम्म विवाद देखिएको छैन। त्यस्तै दैलेखकै चामुण्डाबिन्द्रासैनी र दुल्लु नगरपालिकाबीच पर्ने पादुका खोलामा पानीले छुट्याएको किनारका आधारमा क्षेत्र विभाजन गरी छुट्टाछुट्टै ठेक्का लगाउने अभ्यास छ। डुंगेश्वर, गुराँस र नारायण नगरपालिकाबीचका पराजुली तथा लोहोरे खोला र जाजरकोटको छेडा खोलामा पनि यस्तै अभ्यास गरिएको छ।

प्राकृतिक स्रोत स्थानीय तहको आम्दानीको महत्त्वपूर्ण आधार हो। तर एउटै खोलालाई लिएर वर्षौंसम्म पालिकाबीच विवाद भइरहनु स्रोत व्यवस्थापनमा बाँकी पृष्ठ २

ग्यास अभाव हटाउन थप आपूर्ति माग

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २५ साउन

कर्णाली प्रदेशका विभिन्न जिल्लामा देखिएको खाना पकाउने ग्यासको अभाव समाधान गर्न नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसन (आईओसी) सँग थप ग्यास माग गरेको छ।

निगमले यसअघि माग गर्दै आएको परिमाण भन्दा पाँच हजार मेट्रिक टन बढाएर ५५ हजार मेट्रिक टन ग्यास माग गरेको जनाएको छ।

सुर्खेतमा आइतबार आयोजित सर्वपक्षीय बैठकमा नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले देशभर देखिएको ग्यास अभाव समाधानका लागि आईओसीसँग ६० हजार मेट्रिक टन ग्यास माग गरिएको जानकारी दिए।

आईओसीले भने ५५ हजार मेट्रिक टन ग्यास उपलब्ध गराउने सहमति जनाएको उनले बताए। उनका अनुसार मागअनुसार ग्यास प्राप्त भएपछि हाल देखिएको अभाव क्रमशः समाधान हुने अपेक्षा गरिएको छ। असारअघि ग्यासको खपत तुलनात्मक रूपमा कम रहे पनि असारदेखि माग बढेपछि आपूर्ति व्यवस्थामा दबाब परेको निगमले जनाएको छ। निगमले गत फागुनमा ३१ हजार, चैतमा ३८ हजार, वैशाखमा ३२ हजार र जेठमा ३३ हजार मेट्रिक टन ग्यास आपूर्ति गरेको थियो। असारमा भने ४४ हजार पाँच सय मेट्रिक टन ग्यास आपूर्ति गरिएको थियो। मागको तुलनामा आपूर्ति कम हुँदा बजारमा अभाव देखिएको प्रवक्ता ठाकुरले बताए। नेपालमा ग्यास ढुवानी गर्ने करिब छ सय ५० वटा बुलेट भारतीय रहेका कारण आपूर्ति व्यवस्थामा थप चुनौती हुने गरेको निगमले जनाएको छ। यसअघि लागू गरिएको आधा सिलिन्डर प्रणालीले समेत बजारमा समस्या बढाएको निगमको भनाइ छ।



निगमका अनुसार साउन एक गतेदेखि २३ गतेसम्म मात्रै सुर्खेतमा ४१ हजार पाँच सय १७ सिलिन्डर ग्यास वितरण गरिएको छ।

निगम सुर्खेतका प्रमुख दीपक घिमिरेले ठूलो परिमाणमा ग्यास वितरण भए पनि उपभोक्ताको लाइन घट्न नसकेको बताए। उनका अनुसार व्यवसायीसँग रहेका खाली सिलिन्डर एकैपटक भर्न सम्भव नभएकाले आपूर्ति बढ्दै गएसँगै क्रमशः भर्दै जाने व्यवस्था गरिनेछ। यसैबीच, झन्डै एक महिनादेखि सुर्खेतमा देखिएको ग्यास अभाव समाधान गर्न जिल्ला प्रशासन कार्यालयले सर्वपक्षीय बैठक आयोजना बाँकी पृष्ठ ४

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा कर्णाली र सुदूरपश्चिमका प्रदेश सभापति अनुपस्थित



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २५ साउन

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकमा कर्णाली र सुदूरपश्चिम प्रदेशका सभापतिहरू अनुपस्थित भएका छन्। आइतबारदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा सुरु भएको बैठकमा आमन्त्रित सदस्यका रूपमा बोलाइएका सात प्रदेश सभापतिमध्ये दुई जना सहभागी नभएका नेपाली कांग्रेसको केन्द्रीय कार्यालयले जानकारी दिएको छ।

बैठकमा कर्णाली प्रदेशका सभापति ललितजंग शाही र सुदूरपश्चिम प्रदेशका सभापति वीरबहादुर बलायर बैठकमा उपस्थित नभएका हुन्। कोशीका उद्धव थापा, मधेसका कृष्ण यादव, बागमतीका इन्द्र बानियाँ, गण्डकीका शुक्रराज शर्मा र लुम्बिनीका अमरसिंह पुन भने बैठकमा बाँकी पृष्ठ ४

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
मंगलवार, २६ साउन, २०८३
Tuesday, 11 Aug 2026

सम्पादकीय

बालस्वास्थ्यमा “स्वर्णबिन्दु”को पहुँच विस्तार

कर्णाली प्रदेशमा एक वर्षको अवधिमा ७० हजारभन्दा बढी बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन' खुवाइनु सकारात्मक सुरूआत हो । आर्थिक वर्ष २०८२/०८३ को असोजदेखि असारसम्म तीन जिल्लाका ७० हजार ५ सय ८ बालबालिकाले सेवा पाउनु कार्यक्रमप्रतिको आकर्षण र पहुँच विस्तारको सम्भावनालाई देखाउने तथ्य हो । तर यति ठूलो संख्यामा बालबालिका लाभान्वित भइरहँदा पनि कार्यक्रमलाई तीन जिल्लामा सीमित राख्नु पर्याप्त भने होइन । सुर्खेतमा मात्रै ६५ हजार ९२ बालबालिकाले सेवा पाएका छन् भने दैलेखमा ५ हजार ४ सय १६ र जुम्लामा ३ हजार ९ सय ६६ बालबालिकाले स्वर्णबिन्दु प्राशन गरेका छन् । अहिले संघीय र प्रदेश सरकारको सहयोगमा तीनवटा आयुर्वेद स्वास्थ्य संस्थामार्फत कार्यक्रम सञ्चालन भइरहेको छ । कर्णालीका दुर्गम जिल्लामा अझै पनि स्वास्थ्य सेवाको पहुँच सहज नभएको अवस्थामा यस्तो कार्यक्रमलाई थप व्यवस्थित र पहुँचयोग्य बनाउनु आवश्यक छ ।

स्वर्णबिन्दु प्राशनलाई आयुर्वेदिक स्वास्थ्य प्रवर्द्धनको अभ्यासका रूपमा अघि बढाइएको छ । बालबालिकालाई प्रत्येक महिना पुष्य नक्षत्रका दिन स्वास्थ्यकर्मीको निगरानीमा निश्चित मात्रामा खुवाउने व्यवस्था छ । तर कुनै पनि स्वास्थ्यसम्बन्धी कार्यक्रम विस्तार गर्दा यसको प्रभावकारिता, सुरक्षा, वैज्ञानिक प्रमाण, सही मात्रा र स्वास्थ्यकर्मीको निगरानीलाई उत्तिकै प्राथमिकता दिनुपर्छ । प्रचारभन्दा प्रमाण र पहुँचभन्दा गुणस्तर महत्वपूर्ण हुन्छ । कर्णालीमा कुपोषण, सरसफाइ, नियमित स्वास्थ्य परीक्षण तथा पोषणसम्बन्धी चेतनाको अभाव अझै चुनौतीका रूपमा छन् । त्यसैले स्वर्णबिन्दु प्राशनलाई मात्रै बालस्वास्थ्य सुधारको सम्पूर्ण उपायका रूपमा बुझ्नु हुँदैन । बालबालिकालाई सन्तुलित पोषण, खोप, सरसफाइ, नियमित स्वास्थ्य परीक्षण र आवश्यक उपचारको सहज पहुँच सुनिश्चित गर्नु पनि राज्यको समान प्राथमिकता हुनुपर्छ ।

कार्यक्रमकी फोकल पर्सनले पर्याप्त बजेट, जनशक्ति र तालिमको व्यवस्था भए ७९ वटै स्थानीय तहमा कार्यक्रम विस्तार गर्न सकिने बताएकी छन् । यो प्रस्तावलाई गम्भीरतापूर्वक लिनुपर्छ । तर विस्तारसँगै अनुगमन र गुणस्तर नियन्त्रणको व्यवस्था पनि बलियो बनाउन आवश्यक छ । विशेषगरी दुर्गम बस्तीका बालबालिका सेवा पाउने अवस्थाबाट वञ्चित नहुन् भन्नेमा ध्यान दिनुपर्छ । कर्णालीका अधिकांश ग्रामीण परिवार स्वास्थ्य सेवाका लागि अझै टाढा पुग्नुपर्ने बाध्यतामा छन् । त्यसैले वीरेन्द्रनगर वा केही स्वास्थ्य संस्थामा केन्द्रित कार्यक्रमले मात्र प्रदेशको वास्तविक आवश्यकता पूरा गर्न सक्दैन ।

स्थानीय तहका स्वास्थ्य संस्था, आयुर्वेद औषधालय र समुदायस्तरका स्वास्थ्यकर्मीलाई जोडेर कार्यक्रमलाई गाउँ-गाउँसम्म पुऱ्याउनुपर्छ । बालबालिका प्रदेशको भविष्य हुन् । उनीहरूको स्वास्थ्यमा गरिएको लगानी तत्कालको खर्च होइन, भविष्यको मानव पुँजी निर्माण हो । त्यसैले 'स्वर्णबिन्दु प्राशन' कार्यक्रमलाई राजनीतिक प्रचार वा संख्यात्मक उपलब्धिमा सीमित नराखी बालस्वास्थ्यका अन्य कार्यक्रमसँग समन्वय गर्दै प्रभावकारी बनाउनुपर्छ । तीन जिल्लामा ७० हजारभन्दा बढी बालबालिका पुगेको यो सुरूआतलाई अब कर्णालीका ७९ वटै स्थानीय तहसम्म पुऱ्याउने लक्ष्यमा बदल्नुपर्छ । तर विस्तारसँगै वैज्ञानिक मूल्यांकन, सुरक्षा, गुणस्तर, स्वास्थ्यकर्मीको दक्षता र नियमित अनुगमन सुनिश्चित गर्न सके मात्रै यो कार्यक्रम कर्णालीका बालबालिकाका लागि वास्तविक अर्थमा उपयोगी बन्न सक्छ ।

झुप्रा...

लाख २६ हजार ३१४ रुपैयाँ राजस्व उठाएको छ । लेकवेशीले दाबी गरेको ३५ प्रतिशतलाई आधार मान्दा उक्त वर्ष मात्रै उसले करिब ३४ लाख ७४ हजार रुपैयाँ पाउनुपर्ने देखिन्छ । समस्या भने रकमको हिसाबमा मात्र छैन । साझा प्राकृतिक स्रोतको उपयोग र राजस्व बाँडफाँड कसरी गर्ने भन्ने विषयमै स्पष्ट कानुनी आधार नहुँदा विवाद लम्बिँदै गएको छ । लेकवेशीले हरेक वर्ष आफ्नो हिस्सा माग्दै पत्राचार गरे पनि अपेक्षित जवाफ नपाएको जनाएको छ ।

कतै...

देखिएको नीतिगत कमजोरी हो । अझ मौखिक सहमतिका भरमा करोडौँ रुपैयाँको राजस्व बाँडफाँड गर्ने अभ्यासले भविष्यमा थप विवाद निम्त्याउने जोखिम देखिन्छ । झुप्रा खोलाको विवादले एउटा स्पष्ट सन्देश दिएको छ । साझा प्राकृतिक स्रोतलाई साझा जिम्मेवारी र लिखित सहमतिबाटै व्यवस्थापन गर्नुपर्छ । कुन पालिकाले ठेक्का लगाउने, कति राजस्व कसरी बाँड्ने, वातावरणीय क्षति र उत्खननको जिम्मेवारी कसले लिने तथा अनुगमन कसरी गर्ने भन्ने विषयमा प्रदेश वा संघीय तहबाट स्पष्ट मापदण्ड आवश्यक देखिन्छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

मेरो सपनाको काँक्रेविहार



✍ विष्णु महर्जन
डा. पुष्पराज आचार्य

नेपाल प्राकृतिक सुन्दरता, धार्मिक आस्था र सांस्कृतिक विविधताले विश्वमै विशिष्ट पहिचान बनाएको मुलुक हो । हिमाल, पहाड र तराईमा फैलिएका मठमन्दिर, गुम्बा, चैत्य, तीर्थस्थल तथा ऐतिहासिक सम्पदाले नेपाललाई धार्मिक पर्यटनको दृष्टिले अत्यन्तै सम्भावनायुक्त राष्ट्र बनाएका छन् ।

लुम्बिनी, पशुपतिनाथ, जनकपुरधाम, मुक्तिनाथ, स्वर्गद्वारी र मनकामनाजस्ता धार्मिक गन्तव्यहरूले प्रत्येक वर्ष लाखौँ श्रद्धालु तथा पर्यटकलाई आकर्षित गरिरहेका छन् । तर यिनै सम्भावनाबीच कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर अझै पनि आफ्नो धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा प्रभावकारी रूपमा स्थापित गर्न सङ्घर्षरत देखिन्छ ।

गत जेठ ३ गतेको बिहान सुर्खेतको आकाश हल्का बादलले ढाकिएको थियो । काँक्रेविहारवरिपरि फैलिएको शान्त वातावरण, वनजङ्गलको हरियाली, चराचुरुङ्गीको मधुर स्वर र डाँडाबाट देखिने सुन्दर दृश्यले सम्पूर्ण क्षेत्रलाई आध्यात्मिक ऊर्जाले भरिएको अनुभूति गराइरहेको थियो । यही रमणीय वातावरणबीच हामी दुई लेखक काँक्रेविहारको अध्ययन तथा अवलोकनका लागि त्यहाँ पुग्यौँ ।

विहार परिसरमा प्रवेश गरेपछि शताब्दीयौँ पुराना ढुङ्गाका भग्नावशेष, कलात्मक वास्तुकला, मौन इतिहास र प्राकृतिक सौन्दर्यको अनुपम सङ्गमले हामीलाई निकै प्रभावित तुल्यायो । प्रत्येक ढुङ्गाले मानौँ नेपालको गौरवशाली बौद्ध सभ्यता र मध्यकालीन इतिहासको कथा सुनाइरहेको थियो ।

वीरेन्द्रनगर केवल कर्णाली प्रदेशको प्रशासनिक राजधानी मात्र होइन, यो धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको अनुपम सङ्गम पनि हो । यहाँ रहेको काँक्रेविहार नेपालको महत्त्वपूर्ण बौद्ध पुरातात्त्विक सम्पदामध्ये एक मानिन्छ ।

अवलोकनकै क्रममा डा. आचार्यले काँक्रेविहारलाई केवल एउटा पुरातात्त्विक स्थल नभई नेपालको ऐतिहासिक चेतनाको जीवन्त स्थलका रूपमा कसरी संरक्षित गर्न सकिन्छ भनी व्याख्या गर्नुभयो । त्यससँगै सुरु भएको छलफल केवल काँक्रेविहारको संरक्षणमा सीमित रहेन । विषय विस्तारै सम्पूर्ण वीरेन्द्रनगरको धार्मिक, सांस्कृतिक र पर्यटन विकासतर्फ केन्द्रित भयो । यही संवादबाट एउटा महत्त्वपूर्ण प्रश्न जन्मियो– 'वीरेन्द्रनगर नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्य किन बन्न सक्दैन?' यस प्रश्नको उत्तर खोज्दा वीरेन्द्रनगरको वास्तविक सम्भावना क्रमशः स्पष्ट हुँदै जान्छ । वीरेन्द्रनगर केवल कर्णाली प्रदेशको प्रशासनिक राजधानी मात्र होइन, यो धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको अनुपम सङ्गम पनि हो । यहाँ रहेको काँक्रेविहार नेपालको महत्त्वपूर्ण बौद्ध पुरातात्त्विक सम्पदामध्ये एक मानिन्छ ।

इतिहासकारहरूका अनुसार यसको निर्माण मध्यकालीन अवधिमा भएको थियो, जहाँ बौद्ध दर्शन, कला र वास्तुकलाको उत्कृष्ट नमुना देख्न सकिन्छ । यद्यपि यसबारे थप पुरातात्त्विक अनुसन्धानको आवश्यकता अझै विद्यमान छ । यसैगरी देउती बज्यै मन्दिर सुर्खेतका जनताको आस्था र विश्वासको केन्द्रका रूपमा स्थापित छ । वर्षभरि हजारौँ भक्तजन त्यहाँ दर्शनका लागि पुग्ने गर्छन् । स्थानीय जनविश्वास, धार्मिक संस्कार र सामाजिक जीवनसँग गहिरो सम्बन्ध रहेको यो मन्दिर धार्मिक पर्यटनको महत्त्वपूर्ण आधार बन्न सक्छ । यसबाहेक शिव मन्दिर, विभिन्न देवीदेवताका मन्दिर, गुम्बा, आश्रम तथा स्थानीय धार्मिक स्थलहरूले वीरेन्द्रनगरको धार्मिक विविधतालाई अझ समृद्ध बनाएका छन् । धार्मिक सम्पदासँगै यहाँको बहुजातीय संस्कृति पनि अर्को महत्त्वपूर्ण आकर्षण हो । मगर, गुरुङ, थारु, ब्राह्मण, क्षेत्री, नेवार, दलित तथा अन्य समुदायका परम्परा, पर्व, नाचगान, वेशभूषा, परिकार र सांस्कृतिक अभ्यासले धार्मिक पर्यटनलाई सांस्कृतिक पर्यटनसँग जोड्ने अवसर प्रदान गरेका छन् । पर्यटकले केवल मन्दिर दर्शन मात्र होइन, स्थानीय जीवनशैली, संस्कृति र परम्पराको समेत अनुभव गर्न सक्छन् । विश्व पर्यटन सङ्गठनका अनुसार धार्मिक पर्यटन, उद्योगका रूपमा तीव्र विस्तार भइरहेको क्षेत्रमध्ये एक हो । मानिसहरू आज केवल धार्मिक अनुष्ठानका लागि मात्र यात्रा गर्दैनन्; उनीहरू इतिहास, संस्कृति, ध्यान, योग, प्राकृतिक शान्ति र आध्यात्मिक अनुभूति खोज्दै विभिन्न गन्तव्यमा पुगिरहेका छन् । यही परिवर्तनलाई बुझेर धेरै देशहरू धार्मिक सम्पदालाई आर्थिक विकाससँग जोड्न सफल भएका छन् । वीरेन्द्रनगरले पनि यही सम्भावना बोकेको छ । काँक्रेविहारको त्यो बिहानको भ्रमण केवल यात्रा अध्ययन थिएन । त्यो भविष्य देख्ने एउटा दृष्टि थियो । एउटा त्यस्तो दृष्टि, जसले इतिहासलाई संरक्षण गर्दै भविष्य निर्माण गर्ने सपना देख्यो । त्यही दिन 'मेरो सपनाको काँक्रेविहार' भन्ने अवधारणाले आकार लियो ।

काँक्रेविहारलाई केन्द्रमा राखी बौद्ध सर्किट, धार्मिक पदयात्रा मार्ग, ध्यान तथा योग केन्द्र, बौद्ध अनुसन्धान केन्द्र, सम्पदा सङ्ग्रहालय, बहुभाषिक सूचना केन्द्र तथा डिजिटल पर्यटन सूचना प्रणाली विकास गर्न सकियो भने यसले राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय पर्यटकलाई समेत आकर्षित गर्न सक्छ । धार्मिक पर्यटनको विकासले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्नेछ । होटल व्यवसाय, रेस्टुराँ, यातायात, स्थानीय कृषि उत्पादन, हस्तकला, सांस्कृतिक कार्यक्रम, पर्यटन मार्गदर्शक, होमस्टे तथा साना उद्यमहरू विस्तार हुनेछन् । युवाहरूका लागि रोजगारी सिर्जना हुनेछ भने महिलाहरूको आर्थिक सहभागिता पनि बढ्नेछ ।

यसले ग्रामीण तथा सहरी अर्थतन्त्रबीचको सम्बन्धलाई समेत मजबुत बनाउनेछ । तर सम्भावना मात्र पर्याप्त हुँदैन । योजनाबद्ध विकास अपरिहार्य हुन्छ । काँक्रेविहारलगायतका धार्मिक सम्पदाको वैज्ञानिक संरक्षण, नियमित उत्खनन तथा अनुसन्धान, सम्पदाको डिजिटल अभिलेखीकरण, अन्तर्राष्ट्रिय स्तरको प्रचारप्रसार, सडक पहुँच सुधार, स्वच्छता, सङ्केत बोर्ड, विश्रामस्थल, सूचना केन्द्र तथा दक्ष पर्यटन मार्गदर्शकको व्यवस्था गर्न आवश्यक छ ।

यसका साथै स्थानीय समुदायलाई पर्यटन विकासको प्रत्यक्ष साझेदार बनाउनुपर्ने आवश्यकता छ । स्थानीय सहभागिताबिना दिगो पर्यटनको कल्पना गर्न सकिँदैन ।

वीरेन्द्रनगरलाई धार्मिक पर्यटनको केन्द्र बनाउन सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार, वीरेन्द्रनगर नगरपालिका, पुरातत्त्व विभाग, नेपाल पर्यटन बोर्ड, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र तथा स्थानीय समुदायबीच प्रभावकारी सहकार्य आवश्यक छ । यसका लागि दीर्घकालीन धार्मिक पर्यटन गुरुयोजना तयार गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्नुपर्छ ।

काँक्रेविहारको त्यो बिहानको भ्रमण केवल यात्रा अध्ययन थिएन । त्यो भविष्य देख्ने एउटा दृष्टि थियो । एउटा त्यस्तो दृष्टि, जसले इतिहासलाई संरक्षण गर्दै भविष्य निर्माण गर्ने सपना देख्यो । त्यही दिन 'मेरो सपनाको काँक्रेविहार' भन्ने अवधारणाले आकार लियो ।

वास्तवमा त्यो सपना केवल काँक्रेविहारको मात्र होइन, सम्पूर्ण वीरेन्द्रनगरको हो । वीरेन्द्रनगरलाई धार्मिक, सांस्कृतिक, शैक्षिक र आध्यात्मिक पर्यटनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय केन्द्र बनाउने सपना । आज आवश्यकता केवल त्यो सपनालाई नीति, योजना र व्यवहारमा रूपान्तरण गर्ने हो । यदि धार्मिक सम्पदाको संरक्षण, पूर्वाधार विकास, अनुसन्धान, स्थानीय सहभागिता र प्रभावकारी पर्यटन प्रवर्द्धनलाई समान प्राथमिकताका साथ अगाडि बढाउन सकियो भने निकट भविष्यमा वीरेन्द्रनगर नेपालको अर्को महत्त्वपूर्ण धार्मिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुनेछ । त्यस दिन काँक्रेविहारका मौन ढुङ्गाहरू केवल इतिहासका अवशेष रहने छैनन् । तिनीहरू नेपालको सभ्यता, संस्कृति, आस्था र समृद्धिको नयाँ अध्यायका साक्षी बन्नेछन् । काँक्रेविहारलगायत अन्य सांस्कृतिक सम्पदाहरू केवल सुर्खेत जिल्लाको एउटा पुरातात्त्विक स्थल मात्र होइन, यो नेपालको सांस्कृतिक पहिचान, बौद्ध सभ्यताको जीवित प्रतीक र भविष्यमा विश्वस्तरीय धार्मिक पर्यटन केन्द्र बन्न सक्ने अपार सम्भावनायुक्त धरोहर हो । अहिले यसको अवस्था अपेक्षाकृत रूपमा कमजोर भए पनि यसको ऐतिहासिक गहिराइ, धार्मिक महत्त्व र प्राकृतिक सौन्दर्य अत्यन्तै उच्च छ ।

उचित दृष्टिकोण, दीर्घकालीन योजना र आधुनिक व्यवस्थापन लागू गर्न सकियो भने काँक्रेविहार नेपालकै मात्र होइन, सम्पूर्ण दक्षिण एसियाकै प्रमुख बौद्ध गन्तव्यस्थल बन्न सक्छ । कुनै दिन त्यस ठाउँमा प्रवेश गर्नेबित्तिकै मानिसले समयको यात्रा गरेको अनुभूति गर्छ । आधुनिकता र प्राचीनता एकै ठाउँमा मिसिएको भान हुन्छ । साँझको समयमा दीप प्रज्वलन, बौद्ध भजन, सांस्कृतिक प्रस्तुति र शान्त सङ्गीतले वातावरणलाई अझ दिव्य बनाउँछ । यो विहार विश्वस्तरीय पूर्वाधारले पनि सुसज्जित हुनेछ । प्रवेशद्वारमै 'बौद्ध सभ्यता र शान्तिको भूमि: काँक्रेविहार' लेखिएको विशाल संरचना हुन्छ, जसले आगन्तुकलाई स्वागत गर्छ । त्यहाँ एक अत्याधुनिक डिजिटल स्क्रिन, थ्रीडी मोडल, भर्चुअल रियालिटी र अडियो-भिजुअल प्रणालीमार्फत काँक्रेविहारको इतिहास, यसको उत्थान, र पुनर्जागरणबारे विस्तृत जानकारी दिइन्छ । आगन्तुकले यहाँ प्रवेश गरेपछि केवल हेर्ने मात्र होइन, बुझ्ने र अनुभव गर्ने अवसर पनि पाउँछन् । यस काँक्रेविहारमा सम्पूर्ण क्षेत्र पूर्ण रूपमा व्यवस्थित पुरातात्त्विक पार्कका रूपमा विकसित गरिएको हुन्छ । यहाँ रहेका पुराना ढुङ्गाका संरचना, भग्नावशेष, मूर्तिहरू र धार्मिक चिह्नहरूलाई वैज्ञानिक तरिकाले संरक्षण गरिएको हुन्छ । कुनै पनि संरचनालाई नष्ट नगरी, मौलिकता जोगाउँदै पुनर्स्थापना गरिएको हुन्छ । पुरातत्त्वविद्, इतिहासकार र बौद्ध धर्म विशेषज्ञहरूको निरन्तर निगरानीमा सम्पूर्ण क्षेत्र संरक्षित हुन्छ ।

यस विहारमा केवल ऐतिहासिक स्थल होइन, आध्यात्मिक केन्द्र पनि हुन्छ । यहाँ विश्वभरका बौद्ध भिक्षु, साधक, योगी र ध्यानकर्ताहरू आउने गर्छन् । विहार परिसरमा ठूलो ध्यान केन्द्र स्थापना गरिएको हुन्छ, जहाँ बिहानदेखि बेलुकासम्म ध्यान, योग, प्रार्थना र शान्ति अभ्यास सञ्चालन हुन्छ । बिहान सूर्योदयसँगै गुम्बामा गहिरो मौन ध्यान, मन्त्र उच्चारण र शङ्ख ध्वनिले वातावरणलाई आध्यात्मिक बनाउँछ ।

साँझको समयमा दीप प्रज्वलन, बौद्ध भजन, सांस्कृतिक प्रस्तुति र शान्त सङ्गीतले वातावरणलाई अझ दिव्य बनाउँछ । यो विहार विश्वस्तरीय पूर्वाधारले पनि सुसज्जित हुनेछ । त्यहाँ पुग्ने सडकहरू स्तरीय, सुरक्षित र हरियालीले भरिएका हुन्छन् ।

पर्यटकका लागि पर्यावरणमैत्री यातायातको व्यवस्था गरिएको हुन्छ । विहार परिसरभित्र विश्रामस्थल, हरित उद्यान, पानीका फोहरा, शान्त बगैँचा, पुस्तकालय, कफी हाउस, बौद्ध अध्ययन केन्द्र र सांस्कृतिक प्रदर्शन क्षेत्रहरू हुन्छन् । सबै संरचना निर्माण गर्दा वातावरणीय सन्तुलन र पुरातात्त्विक मौलिकतालाई सर्वोच्च प्राथमिकता दिइएको हुन्छ । यस काँक्रेविहारलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्नुपर्ने पनि देखिन्छ । विहारको संरक्षण अन्तर्राष्ट्रिय मापदण्डअनुसार गर्नुपर्छ । यो विहारमा स्थानीय समुदाय यसको केन्द्रमा हुनेछ र यहाँका स्थानीय बासिन्दाहरू केवल दर्शक होइन, सक्रिय सहभागी हुनेछन् । उनीहरू पर्यटन गाइड, होटल व्यवसायी, हस्तकला निर्माता, सांस्कृतिक कलाकार, ध्यान प्रशिक्षक र सेवा प्रदायकका रूपमा काम गर्छन् । स्थानीय उत्पादनहरू (जस्तै: हस्तकला, जैविक कृषि उत्पादन, बौद्ध कला सामग्री) को अन्तर्राष्ट्रिय बजारसम्म पहुँच हुनेछ । यसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउँछ । यसका साथै काँक्रेविहारमा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र पनि हुन्छ । यहाँ बौद्ध दर्शन, पुरातत्त्व, इतिहास, संस्कृति र वातावरणीय अध्ययनका लागि विश्वभरका विश्वविद्यालयहरू संलग्न हुन्छन् । नियमित रूपमा अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, शोध कार्यशाला र बौद्ध संवाद कार्यक्रमहरू आयोजना गरिन्छन् । विदेशी विद्यार्थी र अनुसन्धानकर्ताहरू लामो समयसम्म अध्ययन गर्न आउने गर्छन् । यसले काँक्रेविहारलाई ज्ञान उत्पादन गर्ने केन्द्रको रूपमा स्थापित गर्छ । 'हिडन बुद्धिस्ट हेरिटेज नेपाल' र 'पिस एन्ड मेडिटेसन अफ एसिया' जस्ता ब्रान्डिङ अभियानमार्फत काँक्रेविहारलाई अन्तर्राष्ट्रिय बजारमा स्थापित गरिएको हुन्छ । थाइल्यान्डको वाट अरुण, कम्बोडियाको अङ्कोरवाट, श्रीलङ्काको टेम्पल अफ द टुथजस्तै काँक्रेविहारलाई पनि विश्वका प्रमुख धार्मिक गन्तव्यहरूको सूचीमा लिपिबद्ध गराउन सकिन्छ । विहारको वातावरण संरक्षणलाई अत्यन्त उच्च प्राथमिकता दिँदै सम्पूर्ण क्षेत्रलाई प्लास्टिकमुक्त क्षेत्र घोषणा गर्न सकिन्छ । काँक्रेविहार केवल धार्मिक स्थल मात्र नभई पर्यावरणीय संरक्षणको नमुनाका रूपमा विकास गर्न सकिन्छ । काँक्रेविहारबाट धार्मिक सहिष्णुता र विश्वशान्तिको सन्देश फैलाउन सकिन्छ भने यसलाई बौद्ध मात्र होइन, विभिन्न धर्म र संस्कृतिका मानिसहरूको शान्ति र सद्भावको अभ्यास गर्ने थलोका रूपमा विकसित गराउन सकिन्छ । यसले नेपाललाई विश्वशान्तिको केन्द्रका रूपमा स्थापित गर्नेछ ।

मेरो सपनाको काँक्रेविहार केवल संरचना होइन, जीवित अनुभव हो । यहाँ आउने प्रत्येक आगन्तुकले आत्मशान्ति, ज्ञान र सांस्कृतिक समृद्धिको अनुभूति गर्नेछन् । मेरो सपना स्पष्ट छ– काँक्रेविहारलाई केवल संरक्षण गरिएको पुरातात्त्विक स्थल होइन, विश्वस्तरीय बौद्ध, सांस्कृतिक, शैक्षिक, पर्यावरणीय र आध्यात्मिक केन्द्रको रूपमा विकास गर्नुपर्छ ।

(लेखक महर्जन नेपाल खुला विश्वविद्यालयमा तथा डा. आचार्य मध्यपश्चिम विश्वविद्यालयमा आबद्ध छन् ।)

लैङ्गिक हिंसा र विभेदविरुद्ध सचेतना



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, २६ साउन

लैङ्गिक हिंसा, जातीय विभेद न्यूनीकरण तथा सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले हुम्लाको सिमकोटमा एकदिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

महिला तथा पुरुषलाई लैङ्गिक हिंसा र सामाजिक विभेदका विषयमा सचेत गराउँदै समाजमा देखिएका हिंसा, विभेद तथा असमानता न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रममा सहभागीलाई लैङ्गिक हिंसा, जातीय विभेद, जातीय संवेदनशीलता, सामाजिक सद्भाव तथा महिला अधिकारसम्बन्धी कानुनी व्यवस्थाका विषयमा जानकारी प्रदान गरिएको थियो।

समाजमा हुने विभिन्न प्रकारका लैङ्गिक हिंसा तथा जातीय विभेदका कारण, प्रभाव र त्यसको न्यूनीकरणका उपायबारे समेत सहभागीलाई जानकारी गराइएको थियो।

कार्यक्रमका सहजकर्ता छतुप लामाका अनुसार समाजमा विद्यमान लैङ्गिक हिंसा र जातीय विभेदलाई न्यूनीकरण गर्न सबै समुदायको समान सहभागिता र सचेतना आवश्यक रहेको बताए।

महिला र पुरुष दुवैलाई यस्ता विषयमा जानकारी गराउँदा समाजमा आपसी सम्मान, सहिष्णुता र सद्भाव बढाउन सहयोग पुग्ने उनको भनाइ थियो।

कार्यक्रम बरगाउँ महिला समूहकी सदस्य निमा लामाको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा सिमकोट गाउँपालिकाका उपाध्यक्ष शुशिला भाम रोकाया तथा बौद्ध धर्मगुरु लोप्साङ लामाको उपस्थिति रहेको थियो।

अभिमुखीकरण कार्यक्रममा १० जना महिला र १० जना पुरुष गरी जम्मा २० जनाको सहभागिता रहेको थियो। सहभागीलाई महिला अधिकार, लैङ्गिक समानता तथा विभेदविरुद्ध अपनाउनुपर्ने कानुनी र सामाजिक उपायबारे समेत जानकारी दिइएको आयोजकले जनाएको छ।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चसँगको सहकार्यमा सञ्चालन भइरहेको 'हाम्रो साहस' कार्यक्रम अन्तर्गत उक्त अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रमका लागि युएन वुमन र यूके इन्टरनेसनल डेभलपमेन्टको आर्थिक सहयोग रहेको आयोजकले जनाएको छ। लैङ्गिक हिंसा तथा जातीय विभेद अन्त्यका लागि समुदायस्तरमै निरन्तर सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका छन्।

सल्यानबाट २२ लाख किलोभन्दा बढी जडीबुटी निकासा



❐ **काँक्रेविहार संवाददाता**
सल्यान, २५ साउन

आर्थिक वर्ष २०८२/८३ मा २२ लाख ६८ हजार सय ६५ किलो जडीबुटी निकास भएको छ। डिभिजन वन कार्यालय सल्यानका अनुसार जिल्लाका १० वटै स्थानीय तहका राष्ट्रिय वन तथा निजी आवादीबाट संकलन गरिएको जडीबुटी निकासी गरिएको हो। जडीबुटी निकासीबाट गत आर्थिक वर्षमा २३ करोड ३६ लाख ८१ हजार ५ सय रुपैयाँ जिल्लामा भित्रिएको डिभिजन वन कार्यालय सल्यानले जनाएको छ। विभिन्न १३ प्रजातिका जडीबुटी निकासीबाट २३ लाख ३३ हजार ७ सय रुपैयाँ राजस्व संकलन भएको कार्यालयका सूचना अधिकारी ललितजंग खड्काले जानकारी दिए।

उनका अनुसार सल्यानबाट टिमुर, रिठा, तेजपात, चुत्रो, काउलोको बोक्रा, गुजरगानो, अमला, घोडताप्रे, दालचिनीको बोक्रा, गुर्जो, कचुर, झ्याउ र कालिकाठको दानालगायत जडीबुटी निकासी भएका छन्।

निकासी हुने जडीबुटीमध्ये चुत्रो, रिठा र टिमुरको परिमाण सबैभन्दा बढी रहेको कार्यालयले जनाएको छ। गत आर्थिक वर्षमा तिन लाख २७ हजार दुई सय ४५ किलो टिमुर निकासी भएको थियो। टिमुरको बिक्रीबाट मात्रै १७ करोड ९९ लाख रुपैयाँ जिल्लामा भित्रिएको खड्काले बताए।

टिमुरबाट १० लाख १६ हजार रुपैयाँ राजस्व संकलन भएको थियो। त्यस्तै, पाँच लाख ५४ हजार दुई सय ३२ किलो रिठा निकासीबाट दुई करोड २१ लाख रुपैयाँ तथा आठ लाख ६२ हजार एक सय ७५ किलो चुत्रो निकासीबाट एक करोड ८९ लाख रुपैयाँ जिल्लामा भित्रिएको छ। कार्यालयका अनुसार गुजरगानोबाट ७५ लाख ५४ हजार, तेजपातबाट २४ लाख, काउलोको बोक्राबाट २३ लाख ५० हजार, अमलाबाट पाँच लाख ४० हजार, घोडताप्रेबाट एक लाख ८० हजार, दालचिनीबाट ५१ हजार, गुर्जोबाट ९० हजार, कचुरबाट २ लाख, झ्याउबाट १० लाख र कालिकाठको दानाबाट चार लाख ५० हजार रुपैयाँ जिल्लामा भित्रिएको छ। छत्रेश्वरी गाउँपालिका, शारदा र बनगाड कुपिण्डे नगरपालिकालगायत क्षेत्रमा टिमुरको संकलन तथा निकासी बढी हुने गरेको छ। त्रिवेणी र छत्रेश्वरी गाउँपालिका तथा बागचौर नगरपालिकामा रिठा बढी संकलन हुने गरेको कार्यालयले जनाएको छ। यस्तै, बनगाड कुपिण्डे नगरपालिका, कुमाख र दार्मा क्षेत्रमा चुत्रोको बोक्रा तथा कालिमाटी, त्रिवेणी र कपुरकोट गाउँपालिकालगायत क्षेत्रमा तेजपात बढी संकलन हुने गरेको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा सल्यानबाट १७ लाख ३९ हजार किलोभन्दा बढी जडीबुटी संकलन तथा निकासी भएको थियो। त्यसबाट १९ लाख ३९ हजार रुपैयाँभन्दा बढी राजस्व संकलन भएको थियो। अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षमा जडीबुटीको संकलन तथा निकासी परिमाण बढेको डिभिजन वन कार्यालयले जनाएको छ।

ब्लास्टपछि कर्णाली करिडोरमा ठूलो पहिरो

❐ **काँक्रेविहार संवाददाता**
कालीकोट, २५ साउन

कर्णाली करिडोरअन्तर्गत कालीकोटको पचालझरना गाउँपालिका छ थिर्पुमा सडक निर्माणका क्रममा ठूलो पहिरो खसेपछि निर्माण कार्य प्रभावित भएको छ।



नेपाली सेनाले सडक निर्माणका लागि ब्लास्ट गरेपछि आइतबार ठूलो चट्टानसहितको सुख्खा पहिरो खसेको हो। लगातारको वर्षाका कारण जमिन भिजेर कमजोर बनेका बेला सडक निर्माणका लागि चट्टान फुटाउने क्रममा पहिरो खसेको नेपाली सेनाले जनाएको छ।

पहिरो ठूलो भए पनि आसपासका बस्तीमा तत्काल जोखिम नरहेको सेनाको भनाइ छ। नेपाली सेनाका मेजर सुकी थकालीका अनुसार लगातार पानी परेर जमिन कमजोर बनेका कारण पहिरो खसेको हो। उनले पहिरो खसेको क्षेत्र आसपास बस्ती भए पनि हालसम्म कुनै जोखिम नदेखिएको बताए।

"लगातार पानी परेर जमिन भिजेको थियो। ठूलो सुख्खा पहिरो गएको छ। वारिपारि बस्ती छन् तर अहिले बस्तीमा जोखिम देखिएको छैन," थकालीले भने।

पहिरोका कारण कराइली गहिरो क्षेत्रमा भइरहेको सडक निर्माणको काम दुईदेखि तीन दिनसम्म प्रभावित हुने भएको छ। पहिरो खसेको क्षेत्रमा थप चट्टान तथा माटो खस्न सक्ने सम्भावना रहेकाले तत्काल उक्त क्षेत्रमा काम नगर्ने सेनाको तयारी छ।

थकालीका अनुसार पहिरो खसेको क्षेत्रमा जोखिमको अवस्था अध्ययन गरी मात्रै पुनः निर्माण कार्य अघि बढाइनेछ। तत्कालका लागि प्रभावित क्षेत्र छाडेर करिडोरको अन्य क्षेत्रमा सडक निर्माणको कामलाई निरन्तरता दिइनेछ।

"सुख्खा पहिरो झरेको हुनाले त्यो क्षेत्रमा दुई-तीन दिन काम गर्न सकिँदैन। अहिले अर्को क्षेत्रमा काम गर्छौं," उनले भने। कर्णाली करिडोरको उक्त खण्डमा नेपाली सेनाले सडक निर्माणको जिम्मेवारी सम्हाल्दै आएको छ।

दुर्गम भूगोल, भिरालो जमिन र लगातारको वर्षाका कारण निर्माणाधीन सडक क्षेत्रमा पहिरोको जोखिम बढ्दै गएको छ। सडक निर्माणका लागि चट्टान फुटाउने क्रममा पहिरो खस्दा निर्माणमा थप चुनौती थपिएको सेनाले जनाएको छ।

पहिरो प्रभावित क्षेत्रमा थप क्षति हुन नदिन तत्काल जोखिमयुक्त स्थानमा काम रोक्ने र सुरक्षित क्षेत्रबाट निर्माणलाई निरन्तरता दिने तयारी गरिएको छ।

कर्णाली करिडोर कर्णालीका दुर्गम क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने महत्वपूर्ण सडक आयोजना हो।

करिडोर निर्माणले कर्णालीका पहाडी तथा हिमाली जिल्लाको यातायात सहज बनाउने अपेक्षा गरिएको छ। तर कठिन भौगोलिक अवस्था, वर्षायाममा हुने पहिरो तथा चट्टान खस्ने समस्याका कारण सडक निर्माणमा पटक-पटक अवरोध आउने गरेको छ।

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान, कर्णाली प्रदेश, नेपाल

अत्यन्त जरूरी अपिल

आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू,
वर्षादको समयमा खोला-नालामा बाढी आउने, पहाडी क्षेत्रमा पहिरो खस्ने जस्ता प्राकृतिक विपद्का साथै लामखुट्टेको वंशवृद्धि भई डेङ्गु लगायतका कीटजन्य तथा जलजन्य रोगहरू तीव्र रूपमा फैलने जोखिम बढेको छ। यस्तो प्रतिकूल मौसमको समयमा सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न र नगरवासीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न शारदा नगरपालिका निम्नअनुसार सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछ।

बाढी तथा पहिरोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू
- बाढीको समयमा खोला, नदी, र अप्ठ्यारा जोखिमपूर्ण स्थानहरूमा जाने, माछा मार्ने, काठ सङ्कलन गर्ने वा पौडी खेल्ने काम नगर्नौं।
- घरको नजिक वा माथिपट्टि पहिरो खस्न सक्ने, जमिन भासिन सक्ने वा भित्तो चर्किएको ठाउँ भए विशेष सावधानी अपनाऔं। जोखिम बढेमा सुरक्षित स्थानमा सरौं।
- खोलानाला तर्दा वा भेल बाटो काट्दा पूर्ण सुरक्षाको ध्यान दिऔं। भेल बढेको बेला जबर्जस्ती खोला तर्ने प्रयास नगरौं।
- जोखिमपूर्ण मौसममा घरबाहिर अनावश्यक हिँडडुल तथा लामो दूरीको यात्रा नगरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न र उहाँहरूको हेरचाहमा पहिलो प्राथमिकता दिऔं।

डेङ्गु रोगबाट बच्ने विशेष उपायहरू
- वर्षाको समयमा ठाउँ-ठाउँमा पानी जम्ने भएकाले डेङ्गु सार्ने 'एडिज एजिप्टी' जातको लामखुट्टेको जोखिम अत्यधिक हुन्छ। डेङ्गुबाट बच्न "खोज र नष्ट गर" अभियानमा सहभागी बनौं।
- पानी जम्न नदिऔं। घर, आँगन, कौसी, पुराना टायर, गमला, बोतल, प्लास्टिकका भाँडा, ड्रम, कुलर र ट्याङ्कीमा लामो समयसम्म पानी जम्मा हुन नदिऔं। हप्तामा कम्तीमा एक पटक यस्ता भाँडाहरू सफा गरी सुक्का राखौं।
- झुलको अनिवार्य प्रयोग : दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुलको प्रयोग गरौं। डेङ्गु सार्ने लामखुट्टेले विशेष गरी दिउँसोको समयमा टोक्ने भएकाले दिउँसो झनै सतर्क रहौं।
- शरीरका सबै भाग ढाकिने गरी लामो बाहुला भएको लुगा लगाऔं।
- लामखुट्टेको टोकाइबाट बच्न धुप वा 'मोस्किटो रिपेलेन्ट' (क्रीम) प्रयोग गरौं।

विशेष सूचना : माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराऔं। स्वास्थ्यकर्मीको सल्लाहबिना जथाभावी 'पेनाडोल' वा 'प्यारासिटामोल' बाहेक अन्य (जस्तै फ्लेक्सोन, ब्रुफिन आदि) औषधिहरू प्रयोग नगरौं।

सरसफाइ तथा अन्य स्वास्थ्य सावधानीहरू
- वर्षाको समयमा खानेपानीका मुहानहरू दूषित हुने सम्भावना बढी हुने भएकाले खानेपानी सधैं राम्ररी उबालेर वा छानेर मात्र पिउने गरौं।
- बासी, सडेगलेको वा झिँगा भनभनाएको खाना नखाऔं। सागपात र फलफूल राम्ररी पखालेर मात्र प्रयोग गरौं।
- खाना खानुअघि र शौचालयको प्रयोगपछि साबुनपानीले मिचीमिची हात धुने बानी बसालाऔं।

विद्युतीय तथा भौतिक सुरक्षा
- बाढी वा हावाहुरीका कारण बिजुलीका तार वा खम्बाहरू लड्न सक्ने भएकाले नाङ्गो तार वा विद्युतीय खम्बाको नजिक नजाऔं।
- घरको छत तथा ढलबाट पानी निकास हुने बाटो खुला र सफा राखौं।

पूर्वतयारी तथा आपतकालीन व्यवस्थापन
- आपतकालीन अवस्थाका लागि आवश्यक प्राथमिक उपचार सामग्री (औषधि, ब्यान्डेज), टर्चलाइट, रेडियो, ड्राई फुड (सुक्का खानेकुरा), पिउने पानी, महत्त्वपूर्ण कागजातहरू र थप लुगाकपडा एउटा सुरक्षित झोलामा तयार राखौं।
- सत्य सूचना मात्र आदान-प्रदान गरौं। स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वा आधिकारिक माध्यमबाट आउने मौसम र विपद् सम्बन्धी जानकारी नियमित रूपमा सुनौं। अफवाहको पछि नलागौं।
- आफ्नो छरछिमेकमा कोही घाइते, बिरामी वा विपद्मा फसेका भए प्रहरी, स्थानीय प्रशासन वा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त खबर गरी सहयोग गरौं।

विपद् र रोगव्याधी बाजा बजाएर आउँदैन, सजग र पूर्वतयारी बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

संकटमा परम्परागत मादल बनाउने पेसा



काँक्रेविहार संवाददाता
दैलेख, २५ साउन

पञ्चकोशी क्षेत्रमा पुस्तौँदेखि जीविकोपार्जनको माध्यम बन्दै आएको मादल बनाउने पेसा पछिल्लो समय संकटमा पर्न थालेको छ।

कच्चा पदार्थको अभाव, उत्पादन लागत वृद्धि र बजारमा माग घट्दै गएपछि बादी समुदायको परम्परागत पेसा संकटमा परेको हो।

दैलेख सदरमुकामलगायत जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने बादी समुदायले परम्परागत रूपमा मादल, ढोलक, दमाहा लगायतका मौलिक बाजा बनाउँदै आएका छन्।

कुनै समय चाडपर्व, विवाह, पूजाआजा तथा सांस्कृतिक कार्यक्रममा मादलको माग उच्च हुने गरे पनि पछिल्लो समय यसको बिक्री घट्दै गएको व्यवसायीहरू बताउँछन्।

नारायण नगरपालिका एक नमुना बस्तीका ५५ वर्षीय जयलाल बादीले आफूले १६ वर्षदेखि मादल बनाउँदै आएको बताए। उनका अनुसार मादल अन्य बाजाको तुलनामा बढी बिक्री हुने भए पनि अहिले बजार घटेको छ।

"पहिले चाडपर्वका बेला मादल बनाएर पुऱ्याउनै सकिँदैनथ्यो। गाउँगाउँबाट मानिस मादल किन्न आउँथे। अहिले भने बनाएर राखेका मादलसमेत बिक्री हुँदैनन्," उनले भने।

जयलालले आफूले बनाएको मादल प्रतिगोटा एक हजारदेखि एक हजार पाँच सय रुपियाँसम्ममा बिक्री गर्ने गरेको बताए। एउटा मादल तयार गर्न दुईदेखि तीन दिनसम्म लाग्ने भए पनि मेहनतअनुसार आम्दानी हुन नसकेको उनको भनाइ छ।

मादल बनाउन आवश्यक काठ, छाला, डोरीलगायतका कच्चा पदार्थ जुटाउनसमेत समस्या हुने गरेको व्यवसायीको गुनासो छ।

कच्चा पदार्थको अभाव र उत्पादन लागत बढ्दै गएपछि मादलको मूल्य बढाउनुपर्ने अवस्था आए पनि बजारमा उचित माग नहुँदा व्यवसाय सञ्चालन गर्न कठिन भएको उनीहरू बताउँछन्।

बादी समुदायको मादल बनाउने सीप आम्दानीको माध्यम मात्र नभई मौलिक पहिचानसँग जोडिएको नमुना बस्तीकी कमला नेपालीले बताए। यो पेसाबाट पर्याप्त आम्दानी हुन नसकेपछि नयाँ पुस्ता वैकल्पिक रोजगारीको खोजीमा जिल्ला तथा देशका विभिन्न स्थानमा जाने क्रम बढेको उनको भनाइ छ।

परम्परागत मादल बनाउने सीप संरक्षणका लागि स्थानीय तह र सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने व्यवसायीको माग छ। उनीहरूले सीप विकास तालिम, कच्चा पदार्थमा सहुलियत तथा बजारीकरणमा सहयोग गर्न सरकारसँग आग्रह गरेका छन्।

नारायण नगरपालिका छका वडाध्यक्ष जनकप्रसाद न्यौपानेले परम्परागत रूपमा मादल बनाउँदै आएका व्यवसायीलाई आवश्यक सीप विकास तालिम र बजार व्यवस्थापनमा सहयोग गर्न सके यो पेसालाई व्यावसायिक रूपमा अघि बढाउन सकिने बताए।

जडीबुटीबाट औषधी उत्पादनमा आत्मनिर्भर बन्दै कर्णाली



काँक्रेविहार संवाददाता
सुर्खेत, २५ साउन

जडीबुटीको प्रचुर सम्भावना रहेको कर्णाली प्रदेशले आफ्नै स्रोतबाट आयुर्वेद औषधी उत्पादन गरी आत्मनिर्भर बन्ने योजना अघि बढाएको छ।

प्रदेश सरकारले जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमार्फत आयुर्वेद उपचार प्रणालीलाई विस्तार गर्ने तयारी गरेको हो।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटिएको योजना अनुसार प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र र आयुर्वेद स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी औषधी उत्पादन केन्द्रका रूपमा विकास गरिने सामाजिक विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाहीका अनुसार प्रदेशमै उत्पादन हुने आयुर्वेद औषधीलाई ब्रान्डका रूपमा बजारीकरण तथा बिक्री वितरण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ।

कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा छ करोड ४१ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। गत आर्थिक वर्षदेखि प्रदेश आयुर्वेद औषधालयलाई अनुसन्धान केन्द्रका रूपमा सञ्चालन गरिएको छ।

प्रदेश आयुर्वेद अस्पतालका प्रमुख डा. लक्ष्मीनारायण तिवारीका अनुसार आर्थिक वर्ष २०८२/८३ देखि अनुसन्धानसम्बन्धी काम सुरु गरिएको हो।

नागरिकलाई निरोगी राख्न स्वस्थ जीवनशैली, आहारविहार, योग, ध्यान तथा व्यायाम प्रवर्द्धन गर्दै आयुर्वेद सेवाको पहुँच विस्तार गर्न लागिएको उनले बताए।

औषधालयमा पछिल्लो समय सेवाग्राहीको संख्या बढ्दै गएको छ। हाल आयुर्वेद उपचार, वैकल्पिक उपचार तथा अन्य सेवा एकीकृत रूपमा प्रदान गरिँदै आएको छ।

गत वर्ष तीन वटा अनुसन्धान सम्बन्धी काम सम्पन्न भएका थिए भने चालु वर्षमा अनुसन्धानलाई थप व्यवस्थित बनाउने तयारी छ। तर आयुर्वेद अस्पतालको भवन निर्माण भने सुस्त छ। २०७८ असारदेखि सुरु भएको भवन निर्माणमा हालसम्म ४५ प्रतिशत भौतिक र ३५ प्रतिशत वित्तीय प्रगति भएको सहरी विकास तथा भवन डिभिजन कार्यालयले जनाएको छ।

नौ करोड ७१ लाख रुपैयाँ लागतमा निर्माण भइरहेको १५ शय्याको भवन समयमै सम्पन्न नहुँदा सेवा प्रवाहमा समस्या भएको अस्पतालका प्रमुख तिवारीको भनाइ छ।

भौतिक संरचनासँगै जनशक्तिको समेत अभाव छ। २६ जनाको स्थायी दरबन्दी रहे पनि १८ जना मात्रै कार्यरत छन्। आठ दरबन्दी रिक्त हुँदा बढ्दो सेवाग्राहीको चाप व्यवस्थापनमा चुनौती थपिएको औषधालयले जनाएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री विष्णा देवी शाही सहित जना** धनी रहेको, **दर्ता नम्बर ५५०३/०७६/०७७** बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **तपेन्द्र कृषि तथा पशुपंक्षी पालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

ग्यास...

गरेको हो।

बैठकले विद्यार्थी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिँदै आयल निगम र प्रशासनको रोहबरमा १० प्रतिशत ग्यास जगेडा राखेर वितरण गर्ने निर्णय गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले ग्यास व्यवसायीलाई प्राथमिकताका आधारमा ग्यास वितरण गर्न निर्देशन दिए।

उनले आपूर्ति परिमाण बढाउन समेत निगमसँग आग्रह गरे। सुर्खेतका ग्यास व्यवसायीले जिल्लामा ४० हजारभन्दा बढी खाली सिलिन्डर रहेको भन्दै ती सिलिन्डर तत्काल भर्ने व्यवस्था मिलाउन आयल निगमसँग माग गरेका छन्।

मागअनुसार आपूर्ति नहुँदा उपभोक्तालाई सहज रूपमा ग्यास वितरण गर्न कठिनाइ भएको उनीहरूको भनाइ छ।

कांग्रेस...

सहभागी छन्।

यादव र बानियाँ भने मुख्यमन्त्री पनि छन्।

आइतबारबाट सुरु भएको कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकमा सोमबारबाट केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम सुरु भएको छ।

बैठकमा १५औँ महाधिवेशनको तयारी अन्तर्गत, नियमावली र निर्वाचन निर्देशिका तयार गर्ने, सदस्यता अद्यावधिक र वितरण गर्ने, महाधिवेशन तयारी समिति तथा विधान मस्यौदा समिति गठन गर्ने विषयमा छलफल भइरहेको छ।

साथै, प्रचार प्रसार, भोजन तथा आवास, र मञ्च व्यवस्थापन लगायतका उपसमितिहरू गठन गर्ने र कार्यसम्पादन समितिका निर्णयहरू अनुमोदन गर्ने प्रस्ताव पनि बैठकमा पेस गरिएको छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)